# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीथाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८२/८३

चलानी नं. :-

मिति : २०८२।१२।२४

ने.स. ११४६ चौलागा ५ मंगलवार

**सूचना नं. : ७१**

**दोस्रो गाउँपालिका अध्यक्ष कप –२०८३ सञ्चालन हुने सम्बन्धी सूचना !**

विहादी गाउँपालिका, पर्वतको आयोजनामा **"दोस्रो गाँउपालिका अध्यक्ष कप – २०८३"** अन्तर्गत भलिबल प्रतियोगिता तथा विविध कार्यक्रम तपसिल बमोजिम सञ्चालन हुने भएकोले सम्बन्धित सवैको जानकारी तथा सहभागिताको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र.स. | सञ्चालन हुने खेल | पुरस्कार विवरण | पुरस्कार रकम (रु) | टिम दर्ता शुल्क (रु) | खेल सञ्चालन हुने स्थान |
|---|---|---|---|---|---|
| १ | खुल्ला वडास्तरीय पुरुष भलिबल प्रतियोगिता | प्रथम पुरस्कार | १,११,१११/- शिल्ड, मेडल र प्रमाणपत्र | १०००/- | सापचौर खेल मैदान, विहादी ४, वहाकीठाँटी, पर्वत |
| | | द्वितीय पुरस्कार | ७७,७७७/-शिल्ड, मेडल र प्रमाणपत्र | | |
| | | तृतीय पुरस्कार | ४४,४४४/- शिल्ड, मेडल र प्रमाणपत्र | | |
| | | सान्त्वना पुरस्कार | २२,२२२/- शिल्ड, मेडल र प्रमाणपत्र | | |
| २ | खुल्ला वडा स्तरीय महिला भलिबल प्रतियोगिता | विजेता पुरस्कार | ३३,३३३/- शिल्ड, मेडल र प्रमाणपत्र | ५००/- | |
| | | उप-विजेता पुरस्कार | २२,२२२/- शिल्ड, मेडल र प्रमाणपत्र | | |
| ३ | खुल्ला वडा स्तरिय क्रिकेट प्रतियोगिता (Super 6) | विजेता पुरस्कार | ३३,३३३/- शिल्ड, मेडल र प्रमाणपत्र | ५००/- | ईमिचौर खेल मैदान, विहादी ३, रानीपानी, पर्वत |
| | | उप-विजेता पुरस्कार | २२,२२२/- शिल्ड, मेडल र प्रमाणपत्र | | |

**भलिवल खेलका नियमहरु**

- खेल अन्तर्राष्ट्रिय भलिवल खेलको नियमानुसार खेलाईनेछ ।
- खेलाडी संख्या ९ जना, १ जना टिम प्रशिक्षक र १ जना टिम व्यवस्थापक गरि ११ जना हुनुपर्नेछ,
- खेल तालिका मिति २०८३/०१/०७ गते बिहान ८ बजे गोलाप्रथाको माध्यमद्धारा सार्वजनिक गरिनेछ ।

**क्रिकेट खेलका नियमहरु**

- खेलमा LBW बाहेक अरु ICC नियम लागु हुनेछ ।
- खेल ६ ओभरको खेलाईनेछ ।
- एक टिममा ६ जना खेलाडी १ जना अतिरिक्त खेलाडी, १ जना टिम प्रशिक्षक र १ जना टिम व्यवस्थापक हुनुपर्नेछ ।
- खेल तालिका मिति २०८३/०१/०८ गते बिहान ८ बजे गोलाप्रथाको माध्यमद्धारा सार्वजनिक गरिनेछ ।

**दुवै खेलका नियमहरु :-**

- टिम दर्ता २०८३ साल बैशाख ६ गते साँझ ५ बजे भित्र गरिसक्नु पर्नेछ ।
- सम्बन्धित वडा भन्दा बाहिरका खेलाडीहरु समावेश गर्न पाईनेछैन । सम्बन्धित वडाका खेलाडी बाहेक बाहिरका खेलाडी समावेश भएमा सो को उजुरी दिनु परेमा २० मिनेट भित्र लिखित निवेदन पेश गर्नुपर्नेछ, उजुरी सदर भएमा सो टिमलाई निष्कासन गरिनेछ ।
- सहभागी खेलाडीहरुले सम्बन्धित वडाबाट अनिवार्य रुपमा उपलब्ध गराईएको फाराममा फोटो टाँस गरि प्रमाणित गराई बुझाउनु पर्नेछ । साथै खेलाडीहरुले खेल सुरु हुनुपूर्व सम्बन्धित वडाको नागरिकता, जन्मदर्ता, बसाईसराई लगायत परिचय र स्थायी ठेगाना खुल्ने अन्य सरकारी कागजातहरु समेत उपलब्ध गराउनु पर्नेछ ।
- खेलमा कुनै विवाद आएमा खेलकुद समिति र आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।
- खेलाडीको नम्बर अंकित गरिएको पोशाक अनिवार्य हुनुपर्नेछ ।
- खेलमा कुनै प्रकारको लागु औषध, मादक पदार्थ लगायत अन्य नशालु पदार्थ सेवन गरि सहभागी हुन पाईने छैन, कुनै अनुचित अपशब्द समेत प्रयोग गर्न पाईनेछैन ।
- टिम दर्ताका लागि दर्ता फाराम सहित विहादी गाउँ कार्यपालिकाको कार्यालयमा राजश्व जम्मा गरेको नगदी रसिद वा कार्यालयको प्रभु बैंक विहादी शाखाको आन्तरिक राजश्व खाता GA-1.1 BIHADI GA.PA. ANTARIK RAJASWO KHATA खाता नं. 1460114984600041 मा अन्य प्रशासनिक सेवा शुल्क(राजश्व शिर्षक नं:१४२२९) मा रकम जम्मा गरेको बैंक भौचर संलग्न गर्नुपर्नेछ ।
- टिम दर्ता bihadi.ruralmun@gmail.com मा ईमेल मार्फत समेत गर्न सकिनेछ, थप जानकारीको लागि ९८६७९४६०३१ मा सम्पर्क गर्न सकिनेछ।

**खेल सञ्चालन हुने मिति :** २०८३।०१।०७ गते देखि १२ गते सम्म ।
**उद्घाटन समारोह :** २०८३।०१।०७ गते विहान ११:०० बजे, सापचौर खेल मैदान, विहादी ४, वहाकीठाँटी, पर्वत ।
**समापन समारोह :** २०८३।०१।१२ गते विहान ११:०० बजे , सापचौर खेल मैदान, विहादी ४, वहाकीठाँटी, पर्वत ।

समापन समारोहमा पुरस्कार वितरण, उत्कृष्ट कर्मचारी, शिक्षक, विद्यार्थी र कृषक सम्मान कार्यक्रम समेत गरिने छ ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत